

के तपाईको घर पानीले रसाएको छ ?

अब चिन्ता नगर्नुहोस !

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्क: प्रगति ट्रेड कर्न्सन

रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क: ०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ४१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ फागुन १२ गते शुक्रबार ❑ 24 Feb. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## बैंक तथा वित्तीय संघसंस्थाको चर्को व्याजको बिरोधमा व्यवसायी सडक आन्दोलनमा

**पोखरापत्र संवाददाता**
पोखरा, ११ फागुन

पोखरा क्षेत्रका उद्योगी व्यवसायीहरु यति वेला आन्दोलित भएका छन् । पोखरा उद्योग बाणिज्य संघको आयोजानमा विहीबार पोखराको व्यस्त सडक चिप्लेढुंगामा सडक प्रदर्शनी सहित बिरोध कार्यक्रम गरिएको संघका अध्यक्ष पवन प्रजापतिले बताए ।

आफुहरुले ज्ञापन पत्र बुझाए देखि शान्ति पूर्ण आन्दोलन हुर्दै अगाडी बढेको समयमा राज्यले कुनै सुनुवाई नगरेकोले सडक आन्दोलन गर्न बाध्य भएको अध्यक्ष प्रजापतीले जनाए । सरकारले आफुहरुको माग जति सक्दो छिटो सम्बोधन गर्न आग्रह गर्दै उनले सरकारले आफ्नो माग पूरा नगरे थप सशक्त आन्दोलन हुने उनले चेतावनी दिए ।

बैंकहरुले ७/८ प्रतिशतको व्याजदर हाल बढाएर दोब्बर पुराएकोले गर्दा केही व्यवसायीहरु पलायन हुने अबस्थामा त केही व्यवसायी आत्मदाह सम्म गर्न थालेकोले यसको जिम्मा अब बैंकहरुले लिनुपर्ने अध्यक्ष




प्रजापतीले जनाए । बैंकको चर्को व्याजका कारण व्यवसायीहरु हाल टाट पल्टनी अबस्थामा राज्यले यसलाई समयमै राहत दिने गरी कम्तिमा एक अंकको दरमा झार्न राष्ट्र बैंक मार्फत निर्देशन दिनु पर्ने लेखनाथ उद्योग बाणिज्य सघका अध्यक्ष छत्रेधर आत्रेयले बताए । संघका पूर्व अध्यक्ष बाबुराम गिरीले हिजोआज उद्योगी व्यवसायीहरु व्यपार नहुदा व्यवसायबाट पलायन हुन थालेको केही अप्रिय घटना समेत हुन थालेको बताए । वित्तीय संघ संस्थाको चर्को व्याजदरका कारणले गर्दा व्यवसयिहरुले आत्मदाह समेत गर्न थालेको उनले दाबी गरे । यस विषयमा नेपाल राष्ट्र बैंक र अर्थ मन्त्रालयको स्पष्ट नीति ल्याउनु पर्ने व्यवसायी गिरीले बताए । उक्त सडक आन्दोलनमा १ सय ४९ वटा विभिन्न संघ संस्थाको एकतावद्धता रहेको संघका बरिष्ठ उपाध्यक्ष गोकर्ण कार्कीले बताए ।

उद्योग व्यापार नबचे अर्थतन्त्र बच्दैन, गरिखाने मर्दै छ सरकारको राजश्व घट्दैछ, व्ययाजदर एक अंकमा कायम गर, बैंकिङ धरपकड बन्द गर, व्याजमा मनपरी प्रिमियम बन्द गर, तरलताको समस्या समाधान गर, व्याजदर घटाउ गरिखान देउ, उद्योग व्यापार बचाउ राष्ट्रिय अर्थतन्त्र जोगाउ, व्यवसायीक वातावरण कायम गर, उद्योगी व्यवसायीलाई पिडित घोषणा गर भन्दै व्यवसायीहरुले नारा समेत लगाएका थिए । पोखराको चिप्लेढुंगामा करिब एक घण्टा जसो सडक जाम नै गर्दै व्यावसायी सडकमै उर्त्रिएका थिए । उक्त कार्यक्रममा आफ्नो एकिवद्धत्ता जनाउन पोखराका पर्यटन व्यवसायीदेखि लेखनाथ उद्योग बाणिज्य संघ समेत सहभागी भएका थिए ।

उद्योग व्यापार नबचे अर्थतन्त्र बच्दैन, गरिखाने मर्दै छ सरकारको राजश्व घट्दैछ, व्ययाजदर एक अंकमा कायम गर, बैंकिङ धरपकड बन्द गर, व्याजमा मनपरी प्रिमियम बन्द गर, तरलताको समस्या समाधान गर, व्याजदर घटाउ गरिखान देउ, उद्योग व्यापार बचाउ राष्ट्रिय अर्थतन्त्र जोगाउ, व्यवसायिक वातावरण कायम गर, उद्योगी व्यवसायीलाई पिडित घोषणा गर भन्दै व्यवसायिहरुले नारा समेत लगाएका थिए । पोखराको चिप्लेढुंगामा करिब एक घण्टा जसो सडक जाम नै गर्दै व्यावसायी सडकमै उर्त्रिएका थिए । उक्त कार्यक्रममा आफ्नो एकतावद्ध जनाउन पोखराका पर्यटन व्यवसायी देखि लेखनाथ उद्योग बाणिज्य संघ समेत सहभागी भएका थिए ।

## रात्रिकालीन उडान : पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण

**पोखरापत्र संवाददाता**
पोखरा, ११ फागुन

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा रात्रिकालीन उडानको तयारी गरिएसँगै यहाँका पर्यटन व्यवसायी उत्साहित भएका छन् ।

गत पुस १७ गतेदेखि आन्तरिक उडान सुरु गरेको विमानस्थलमा 'इन्स्ट्रूमेन्ट फ्लाइट रुल्स' (आइएफआर) प्रणाली आजैदेखि लागू भएको छ । यसबाट रात्रिकालीन उडानका लागि आवश्यक सबै पूर्वाधार तयार भएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थलका प्रमुख विक्रम गौतमले बताउनुभयो । यसअघि विमानस्थल सबैखाले उडानका लागि योग्य रहेको जनाउँदै नेपाल नागरिक उड्डयन प्राधिकरणले 'एरोनोटिकल इन्फर मेसन पब्लिकेसन' (एआइपी) प्रकाशित गरेको थियो । उक्त एआइपी प्रकाशन भएको ४२ दिनपछि विमानस्थलमा सबै उडान गर्न योग्य भएको मानिन्छ । हालसम्म पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा ' भिजुअल फ्लाइट रुल्स' (भिएफआर) प्रणालीबाट दिनमा मात्र जहाजको उडान अवतण गरिएको थियो ।

विमानस्थलबाट दिउँसो ४ बजेसम्म मात्र उडान हुँने गरेकामा रात्रिकालीन उडानले सहज बनाउने पोखरा पर्यटन परिषद्का महासचिव सञ्जयकान्त सिग्देलले बताउनुभयो । "रात्रिकालीन उडान यहाँको पर्यटनका लागि पनि महत्वपूर्ण बन्ने छ", उहाँले भन्नुभयो, "काठमाडौँमा विभिन्न कार्यालयीय एवम् अन्य काममा जाने पनि दिउँसो काम सकेर रातमा पोखरा फर्कने पाउनेछन् ।" अन्तर्राष्ट्रिय उडानबाट आएका व्यक्ति पनि रात्रिकालीन उडान भएसँगै काठमाडौँ विमानस्थलबाट सिधैं पोखरा आउन सक्ने उहाँले बताउनुभयो ।

रात्रिकालीन उडानले पोखरालाई आन्तरिक रुपमा पनि अन्य प्रदेशसँग जोड्न सहज हुने नाट्टा गण्डकी प्रदेशका अध्यक्ष हरिराम अधिकारी बताउनुहुन्छ ।"रात्रिकालीन उडानका लागि विभिन्न उडान कम्पनीले पनि आफ्ना कार्यतालिका राख्न थालेका छन्", उहाँले भन्नुभयो, "यसले पोखराको पर्यटनमा विशिष्ट योगदान पुग्ने अपेक्षा गरेका छौँ ।" रात्रिकालीन उडानका लागि विमान कम्पनीले पनि आफ्नो तयारी सुरु गरेका छन् ।

पोखरामा हालसम्म दैनिक १० वटा उडान गरिरहेको बुद्ध एयरलायन्सले अरु दुई उडान थप गर्ने तयारी गरेको एयरलायन्सका प्रवक्ता दीपेन्द्र कर्णले जानकारी दिनुभयो । "पोखराबाट आगामी मार्च ९ बाट रात्रिकालीन उडान गर्ने हाम्रो तयारी छ", उहाँले भन्नुभयो, "हालका लागि राति ८ बजेसम्म उडान सञ्चालन गर्ने योजनामा छौँ ।"

## राष्ट्रपति पद आफ्नो लागि प्राथमिकतामा छैन- अध्यक्ष नेपाल

**रासस**
काठमाडौं, ११ फागुन

नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले राष्ट्रपति पद आफ्नो लागि प्राथमिकतामा नरहेको बताउनुभएको छ ।

पार्टीको बागमती प्रदेश प्रशिक्षक प्रशिक्षण कार्यक्रममा पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका अध्यक्ष नेपालले राष्ट्रपतिको गरिमा उच्च राख्नुपर्ने भएकाले पात्र छनोटका विषयमा नेपाली कांग्रेसलगायत दलका सहमतिमा अन्तिम निर्णय लिन छलफल गरिरहेको बताउनुभयो ।

शक्तिको बाँडफाँटमा पार्टीको भूमिका हुनुपर्ने भन्दै उहाँले पछिल्लोपटक विकास भएका राजनीतिक भेटघाट र घटनाक्रमका विषयमा सञ्चारमाध्यममा आएका समाचारका पछाडि नलाग्न आग्रह गर्नुभयो । नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीसँग करिब दुई वर्षपछि आफ्नो भेटवार्ता भएको जानकारी गराउँदै उहाँले कम्युनिष्ट एकताका साथै राष्ट्रपति निर्वाचनमा सर्वसम्मत पात्र खोज्ने विषयमा सामान्य छलफल भएको प्रष्ट पार्नुभयो । अध्यक्ष नेपालले राजनीतिक उपलब्धिको रक्षा र राष्ट्रको समस्या समाधानमा पार्टी केन्द्रित रहेको बताउनुभयो । देशमा वैदेशिक हस्तक्षेप बढ्दै गएकाले कम्युनिष्ट शक्ति एकताबद्ध हुनुपर्ने बताउँदै उहाँले छरिएका कम्युनिष्ट शक्तिहरू सहकार्य तथा मोर्चा गरी अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो ।

## शिक्षा क्षेत्रलाई राजनीतिबाट अलग राख्नुपर्छ : अध्यक्ष तिमिल्सिना

**पोखरापत्र संवाददाता**
पार्वत, ११ फागुन

राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले शिक्षा क्षेत्रलाई राजनीतिबाट अलग गर्नुपर्ने बताउनुभएको छ ।

गृहजिल्ला पर्वत सदरमुकाम कुश्माबजारमा रहेको शिवालय बहुमुखी क्याम्पसको १२औं वार्षिकोत्सव समारोहमा उहाँले शैक्षिक क्षेत्र राजनीतिक खेलका कारण अस्तव्यस्त बन्दै गएको बताउनुभयो। उहाँले शिक्षालयहरू सामूहिक भावनाअनुसार चलाउनुपर्नेमा जोड दिनुभयो । अध्यक्ष तिमिल्सिनाले भन्नुभयो,



'नेपालमा शैक्षिक गुणस्तर वृद्धि हुन नसक्नुका आफ्नै कारण रहेका छन्, यहाँ त फरक-फरक पार्टीका फरक-फरक विद्यालय र क्याम्पस छन्, स्वतन्त्ररूपमा सञ्चालन भएका शिक्षालयहरूमा पनि राजनीतिक पार्टीको ट्याग लगाउने प्रचलन हाबी छ ।

जसले गर्दा एउटा राजनीतिक दलसँग आस्था राख्ने अभिभावकले अर्को क्याम्पसमा विद्यार्थी नपठाउने गरेको देखिन्छ यो ठूलो विकृति बनेको छ ।' उहाँले युवाशक्ति पलायन दर बढी भएकाले नेपालमा खोलिएका शैक्षिक संस्थाको संख्या बढी भएको बताउनुभयो ।

आवश्यकताका आधारमा भन्दा पनि प्रतिस्पर्धाका आधारमा खोलिने शैक्षिक संस्थाले समस्या बढ्दै गएको बताउनुभयो। उहाँले फरक-फरक विषयका फरक-फरक क्याम्पस सञ्चालन गर्नुपर्ने बताउनुभयो । उहाँले पर्वत जिल्लामा रहेका १४ वटा क्याम्पस सञ्चालन गर्न समस्या परिराखेको बताउँदै यिनीहरूलाई मर्ज गरेर अघि बढ्दा उपयुक्त हुने सुझाव दिनुभयो ।

कार्यक्रममा संविधानसभा सदस्य अर्जुनप्रसाद जोशी र प्रदेशसभा सदस्य भक्त कुँवरले सामुदायिक क्याम्पसलाई राज्यले भवन निर्माणमा भन्दा दरबन्दीको व्यवस्था गर्नुपर्नेमा जोड दिनुभयो ।

## विजेता खेलाडीलाई प्रतिव्यक्ति दुई लाख दिने प्रधानमन्त्रीको घोषणा

**रासस**
काठमाडौं, ११ फागुन

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आइसिसी विश्वकप लिग-२ का विजेता खेलाडीलाई प्रतिव्यक्ति रु दुई लाखका दरले पुरस्कार दिने घोषणा गर्नुभएको छ ।

विजेता खेलाडीलाई प्रधानमन्त्री निवास बालुवाटार बोलाएर प्रधानमन्त्रीले बधाई दिनुका साथै पुरस्कारसमेत दिने घोषणा गर्नुभएको हो । खेलाडीलाई बधाई दिँदै प्रधानमन्त्रीले भन्नुभयो, 'सर्वप्रथम इतिहास रच्नुभएकामा तपाईंहरूलाई बधाई छ । तपाईंहरूले नयाँ रेकर्ड बनाउनुभएको छ, इतिहास रच्नुभएको छ । चार खेलमा पूरै विजय हासिल गरेर क्लिनस्वीप गर्नुभएको छ, यो देशकै गौरव हो ।' प्रधानमन्त्रीले भन्नुभयो, 'तपाईंको कारण देशकै गौरव र प्रतिष्ठा बढेको छ । म सबै नेपालीहरूको तर्फबाट तपाईंहरूलाई हार्दिक बधाई ज्ञापन गर्दछु । तपाईंहरूलाई फेरि पनि सफलता मिलोस् । आउने प्रतिस्पर्धाका लागि शुभकामना छ । तपाईंहरूलाई प्रेरणा मिलोस् भनेर मैले नेपाल सरकारको तर्फबाट प्रतिखेलाडी रु दुई लाख पुरस्कार दिने घोषणा गर्दछु ।'

'पहिला-पहिला खेल जीवनका लागि, अनुशासनका लागि भनिन्थ्यो, अहिले त्यस्तो छैन', प्रधानमन्त्रीले अगाडि भन्नुभयो, 'अब खेल देशका लागि भएको छ, अर्थतन्त्रको उत्थानका लागि भएको छ, राष्ट्रिय प्रतिष्ठाका लागि भएको छ, कूटनीतिक उचाइका लागि पनि भएको छ । तसर्थ खेल क्षेत्रलाई सामान्य आँखा हेर्नु देशकै लागि गल्ती हुन जान्छ ।'

सरकारमा हुँदा होस् वा नहुँदा होस्, आफू सधैं खेलाडीको साथमा रहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले खेल क्षेत्रका समस्या समाधान गर्न लगातार सहकार्य गरिरहेको बताउनुभयो । प्रधानमन्त्रीलेभन्नुभयो, 'छोटोसमयमै नेपाली क्रिकेटले जुन सफलता हासिल गरेको छ, त्यसले मलाई पनि राजनीतिमा प्रेरणा दिँदै आएको छ ।'

सो अवसरमा खेलाडीहरूले लिग चलिरहेकै बेला प्रधानमन्त्रीले आफूलाई हौसला दिएकामा धन्यवाद दिँदै नेपाली खेलाडीहरूले वास्तविक अभिभावक पाएको भन्दै खुसी व्यक्त गरेका थिए ।

## तीन दलको बैठक निष्कर्षविहीन


**रासस**
काठमाडौं, ११ फागुन

राष्ट्रपति पदमा उम्मेदवारीका विषयमा नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी) र जनता समाजवादी पार्टी (जसपा) का नेताहरूबीचको छलफल सकिएको छ ।

सिंहदरबारमा आज भएको बैठकमा राष्ट्रिय सहमतिको आधारमा राष्ट्रपति बनाउनेबारे छलफल भए पनि बैठक निष्कर्षमा पुग्न नसकेको नेकपा


बाँकी अन्तिम पृष्ठमा ▶▶





# संगम कप विल स्मृति फुटवल प्रतियोगिता अन्र्तगत शुक्रबार सेमिफाइनलका खेलहरु हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ११ फागुन

पोखरामा जारी आठौं संस्करणको संगम कप विल स्मृति फुटवल प्रतियोगिता २०७९ अन्र्तगत शुक्रबार सेमिफाइनलका २ खेलहरु हुने भएका छन् ।

पोखरा रंगशालाको फुटवल मैदानमा शुक्रबार पहिलो खेल मध्यान्हः १२:०० बजे एल.जीं. एशोसियसन र भ्याली स्पोर्ट्र्स क्लव बिच हुने भएको छ ।

दोश्रो खेल भने दिउँसो २:०० बजे पछि नव आर्दश सामुदायिक विकास समाज र सहारा क्लव बिच खेल हुने भएको प्रतियोगिताका संयोजक शिव गुरुङ (माया) ले बताए। विहिबार ४ वटा क्वाटरफाइनलका खेलहरु सम्पन्न भएको प्रतियोगिताका म्याच कमिस्नर खिम बहादुर गुरुङले बताए । विहिबार भएको पहिलो क्वाटरफाइनल खेलमा एल.जी.एशोसीयसनले आयोजक संगम क्लवलाई ५–० को एकतर्फी फराकिलो गोल अन्तरले पराजित गर्‍यो । एल.जी.को जितमा आसिस गुरुङले ह्याट्रिक, संजय जलारीले खेलको ३५ औं मिनेटमा र कृष्ण गुरुङले खेलको ६८ औं मिनेटमा एक एक गोलको योगदान दिए । म्यान अफ दी म्याच घोषित भएका आसिसले खेलको १९,



२६ र पहिलो हापको इन्जुरी समयमा गोल गरेका हुन्।

दोश्रो खेलमा भ्याली स्पोर्ट्र्स क्लवले ए पेक्सको समुहलाई ४–१ को गोल अन्तरले पराजित गर्‍यो । भ्यालीको जितमा खेलको ५ औं मिनेटमा आयुष थापाले एक, खेलको ११ औं मिनेटमा अजय श्रेष्ठले एक, खूलमा म्यान अफ दी म्याच समेत घोषित भएका संजय तामाङले खेलको २७ औं मिनेटमा गोल गरे भने खेलको ५२ औं मिनेटमा फोनस कार्कीले गोल गरे । ए पेक्सका अस्विन गुरुङले खेलको पहिलो हापको इन्जुरी समयमा गरेको गोल शान्त्वनामा परिणत भयो ।

तेश्रो क्वाटरफाइनल खेलमा नव आर्दश सामुदायिक विकास समाजले बिष्णुपादुका क्लवलाई ५–३ को गोल अन्तरले पराजित गर्दै सेमिफाइनलमा यात्रा बनाएको हो । नव आर्दशको जितमा सोवित भण्डारीले खेलको ३० र ६८ औं मिनेटमा, अनुज भण्डारीले पनि खेलको ५५ र ६६ औं मिनेटमा तथा किशोर गुरुङले खेलको ५२ औं मिनेटमा एक गोल गरे । बिष्णुपादुकाका सुविन श्रेष्ठले खेलको २०, सविन नेपालीले खेलको ४३ र अंकित गुरुङले दोश्रो हापको इन्जुरी समयमा गोल गरे । खेलमा नव आर्दशका अनुज म्यान अफ दी म्याच घोषित भए ।

निकै प्रतिष्प्रर्धामा अन्तिम क्वाटरफाइनल खेलमा सहारा क्लवले सडेन डेथमा भण्डारढिकको आर्दश युवा क्लबलाई पराजित गर्‍यो । ७० मिनेटको निर्धारित समय र थपिएको २० मिनेटको अतिरिक्त समयमा दुबै तर्फ गोल हुन नसके पछि टाईब्रेकरमा पनि दुबै तर्फ समान ३/३ गोल भए पछि खेल सडेथ डेथमा पुगेको हो । आर्दश क्लवका सुमन श्रेष्ठको सडेन डेथमा प्रहार गरेको पेनाल्टी सुट मिस हुदा प्रतियागिताबाट बाहिरिनु पर्‍यो । सहाराका सुमिन पुनले सडेन डेथको पेनाल्टी सुटमा गोल गरे । सहाराका गंग गुरुङ, संगम कार्की र जीवन रायमाझीले टाईब्रेकरमा गोल गरे भने सरोज गुरुङ र भगवत चौधरीको पेनाल्टी सुट विपक्षि गोलरक्षक रोमन थापा मगरले उत्कृष्ट बचाउ गरे ।

आर्दश क्लवका सुदिप गुरुङ र अन्जन मगरको टाईब्रेकरमा प्रहार गरेको पेनाल्टी सुट विपक्षि गोलरक्षक असोक रेग्मीले उत्कृष्ट बचाउ गरे । आर्दशका अमृत मगर, विकास परियार र सुजवाल गुरुङले टाईब्रेकरमा गोल गरे । सडेन डेथमा सहारका अनिस श्रेष्ठ र आर्दशका लाक्पा तामाङको पेनाल्टी सुट बाहिरिएको थियो । खेलमा सहाराका गोलरक्षक असोक रेग्मी म्यान अफ दी म्याच घोषित भए । क्वाटरफाइनलमा म्यान अफ दी म्याच घोषित खेलाडीहरुलाई ट्रफीको 'साथमा नगद एक हजार प्रोत्साहन स्वरुप प्रदान गरिएको आयोजक संगम क्लवका अध्यक्ष नरेन्द्रजंग गुरुङले बताए । प्रतियोगिताको मुख्य प्रायोजकको रुपमा सहारा हङकङ र संगम एल.जी.हङकङ रहेको छ ।

# पोखरा ९ का गृहणीलाई धुप बनाउने तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, ११ फागुन

पोखरा महानगरपालिका वडा नं. ९ का गृहणी महिलाहरुलाई व्यवसायीक बनाउन धुप बनाउने तालिम प्रदान गरिएको छ ।

वडाका ५ वटा टोल पार्वती, शिव, शुभकामना, गणतान्त्रिक र कृष्णटोलका ६५ जना गृहणी महिलालाई ५ दिने धुप वनाउने तालिम दिईएको थियो ।

तालिमको समापनको अवसरमा कार्यक्रमका प्रमुख अतिथि वडा सदस्य नन्दराम गिरीले सहभागीहरुलाई प्रमाण पत्र दिदैं सिप सिकेर मात्रै नहुने वताएका थिए । उनले समुहमा लगानी गरी धुप वनाउने घरेलु उद्योग स्थापना गर्न सल्लाह दिदैं आफुले सहयोग गर्ने पनि वताएका थिए ।

प्रशिक्षक तिर्थ श्रेष्ठले व्यवसायमा लागेर कुनै सहयोग आवश्यक परेमा आफु सहयोग गर्न तत्पर रहेको वताएकी थिईन भने रुपा केसीले सहभागीको तर्फबाट मन्तव्य राख्दै तालिमले आफुहरुलाई व्यवसायीक वन्न उत्प्रेरणा दिएको वताएकी थिईन ।



कार्यक्रममा वडा सदस्यहरु गीता नेपाली, लक्ष्मी पहारी, समाजसेवी उत्तम जोशी, टोल विकास संस्थाका अध्यक्षहरु, आमा समुहका अध्यक्षहरुले आफ्ना विचार व्यक्त गरेका थिए ।

पार्वती, शिव, शुभकामना, गणतान्त्रिक टोलका महिलालाई निशुल्क तालिम उपभोक्ता समुहकी अध्यक्ष लेखमाया थापाको अध्यक्षतामा भएको कार्यक्रमको संचालन सचिव सरस्वती नेपालीले गरेकी थिइन ।

# छँगोली नेवा खल पोखराको आयोजनामा भैरव नाच हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ११ फागुन

छँगेली नेवा खल, पोखराको आयोजनामा भैरव नाच कार्यक्रम हुने भएको छ ।

फागुन २४ गते पोखरा फुलबारीमा नाच आयोजना गर्न लागिएको छँगेली नेवा खल, पोखराका अध्यक्ष शिबलाल मल्लले जानकारी दिनुभयो ।

नाच सम्पन्न गर्नका लागि विभन्न ६ वटा उपसमिती बनाइएको छ । मुल समारोह व्यवस्थापन समितीको संयोजक शिबलाल मल्ल, सदस्यहरुमा तेजकुमार मल्ल, भरत कर्माचार्य, रुद्र मल्ल, विष्णुकुमार श्रेष्ठ , बुद्धी मल्ल, रमेश मल्ल, सुर्य राजभण्डारी, विष्णुश्याम मल्ल रहेका छन् । यस्तै पुजा व्यवस्थापन उपसमितीमा सुना मल्लको संयाजकत्वमा सदस्यहरु निर्मला मल्ल, नारायणी श्रेष्ठ, लक्ष्मण मल्ल, अन्जु मल्ल, अर्मिला मल्ल, लक्ष्मी मल्ल, शान्ती कर्माचार्य, बिन्दु मल्ल, सरस्वती मल्ल रहेका छन् । प्रचारप्रसार उपसमितीमा सन्जय मल्ल संयोजक तथा जयराम कायस्थ, रामप्रताप मल्ल, मनिराज मल्ल सदस्य छन् ।

कार्यक्रम सफल बनाउन अर्थिक व्यवस्थापन उपसमितीमा प्रल्हादभक्त कायस्थ संयोजक, हेमन्त मल्ल, श्याम मल्ल, कृष्ण मल्ल सदस्य रहेका छन् । खाना व्यवस्थापन उपसमितीमा बालकृष्ण श्रेष्ठ संयोजक, मिलन श्रेष्ठ, ज्ञाननारायण श्रेष्ठ, लक्ष्मण मल्ल सदस्य छन् । स्वयमसेवक व्यवस्थापन उपसमितीमा संयोजक मोहन मल्ल, सदस्यहरु रविन्द्र मल्ल, सुरेन्द्र मल्ल, सुर्यकुमार श्रेष्ठ, इश्वर कर्माचार्य, सन्जय श्रेष्ठ, सुमन कायस्थ रहेका छन् ।

तनहुँको साविक छांग गाविसबाट बसाइसराइ गरि पोखरा बसोबास गरेकाहरुले २०७२ सालमा छांगेली नेवाः खल पोखराको स्थापना गरेको थियो ।

# पाँचलाख बढी भेटी सङ्कलन

**पोखरापत्र संवाददाता**
वालिङ, ११ फागुन

छायाँक्षेत्र शिव मन्दिरमा रु पाँच लाखभन्दा बढी भेटी सङ्कलन भएको छ ।

स्याङ्जा भीरकोट- ४ स्थित सो मन्दिरमा शिवरात्रिको दिनमा रु पाँच लाख १४ हजार छ सय ९७ भेटी सङ्कलन भएको हो । मन्दिर व्यवस्थापन समितिका अध्यक्ष पिताम्बर श्रेष्ठका अनुसार सो दिन मन्दिरमा दर्शन गर्न आउने भक्तजनले द्रूत सेवा प्रयोग गरेबापत एकलाख ५१ हजार आठ सय, भजनकीर्तनमा चढाएको दानबाट एकलाख १३ हजार दुई सय, स्टल बिक्रीबाट ९१ हजार चार सय ४०, सहयोग रसिदबाट ५५ हजार २५, दानपेटिकाबाट ५४ हजार एक सय ८०, आजीवन सदस्यबाट ४१ हजार तीन सय र पार्किङबाट सात हजार सात सय ४५ रकम सङ्कलन भएको हो ।

महाशिवरात्रिका अवसरमा मन्दिरमा देशका विभिन्न ठाउँबाट बीस हजार बढी श्रद्धालु भक्तजनले दर्शन गरेका मन्दिर व्यवस्थापन समितिका सहसचिव शोभाकान्त पौडेलले बताउनुभयो । विभिन्न शीर्षकमा सङ्कलन भएको रकमलाई मन्दिरको भौतिक पूर्वाधारको विकासमा खर्च गरिने उहाँले बताउनुभयो ।

सुनौली-पोखरा जोड्ने सिद्धार्थ राजमार्गको किनारमा अवस्थित मन्दिरको पछिल्लो समय प्रचारप्रसार भएसँगै विभिन्न चाडपर्वमा स्नान गर्न आउने भक्तजन बढ्दै गएका छन् । श्री स्वस्थानी व्रतकथामा उल्लेख गरिए अनुसार पार्वतीको शेष रहेका सबै अङ्ग यसै ठाउँमा पतन भएको किंबदन्ती रही आएको छ । भगवान शिव ब्याकुल भई त्रिशूल प्रहार गरी जल उत्पत्ति गरेको र सोही जल आज पनि ढुङ्गाको कोप्चेराबाट छङछङ गर्दै बहिरहेकाले यस ठाउँलाई 'छाङ्छाङ्दी' पनि भन्ने गरिएको जनाइएको छ ।

# तीन...

(एकीकृत समाजवादी) का नेता प्रकाश ज्वालाले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "हामीले राष्ट्रपति निर्वाचनका सन्दर्भमा व्यापकरूपमा छलफल गर्‍यौँ, हामीले हाम्रो पार्टीका अध्यक्ष माधव नेपाललाई राष्ट्रपति बनाउनका लागि प्रस्ताव पनि गर्‍यौँ तर केही निर्णय हुन सकेको छैन ।" वाम-समाजवादी मोर्चा बनाएर जाने विषयमा पनि छलफल भएको उहाँको भनाइ छ । राष्ट्रपतिका विषयमा छलफल गर्न नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी) र जनता समाजवादी पार्टी (जसपा) का नेताहरुको बैठक बसेको हो ।

बैठकमा माओवादी केन्द्रबाट प्रधानमन्त्री तथा पार्टी अध्यक्ष पुष्पकमल दाहाल ' प्रचण्ड', नेताहरू नारायणकाजी श्रेष्ठ, जनार्दन शर्मा र शक्ति बस्नेत, एकीकृत समाजवादीबाट अध्यक्ष नेपाल, नेताहरू बेदुराम भुसाल, घनश्याम भुसाल र प्रमेश हमाल तथा जसपाबाट अध्यक्ष उपेन्द्र यादव र नेता राजेन्द्र श्रेष्ठ सहभागी हुनुभएको थियो ।

यसअघि जसपाका अध्यक्ष यादवले उपराष्ट्रपतिको निर्वाचनको सवालमा प्रधानमन्त्री दाहाल र माओवादी केन्द्रका शीर्ष नेताहरुसँग भेटवार्ता गर्नुभएको थियो । निर्वाचन आयोगले यही फागुन १३ गते राष्ट्रपतिको मनोनयन दर्ता र फागुन २५ मा राष्ट्रपतिको निर्वाचनको तालिका तय गरेको छ । राष्ट्रपतिको निर्वाचन नजिकिँदै गर्दा राजनीतिक दलका शीर्ष नेताहरूले भेटघाटलाई भने तीव्र बनाएका छन् । राष्ट्रपतिको निर्वाचनमा निर्णायक मत रहेको नेकपा (माओवादी केन्द्र) ले राष्ट्रिय सहमति खोजिरहेको छ भने अन्य दलहरूले आआफ्नो पार्टीको दाबी रहेको बताउँदै आएका छन् ।

**रक्तदान जीवनदान**
**जीवनदान महादान**

# पोखरामा कोक मोमोरी फेस्ट आयोजना हुँदै

**पोखरापत्र संवाददाता**
पोखरा, ११ फागुन

नेपालको अग्रणी पेय पदार्थ कम्पनी कोकाकोला नेपालले पोखरामा मोमोरी फेस्ट आयोजना गर्ने भएको छ ।

उक्त कार्यक्रम पोखराको बाराही टेम्पल ग्राउन्डमा आयोजना हुँदै छ । यही फागुन १३ गते शनिबारको दिन आयोजना हुन गईरहेको यस कोक मोमोरी फेस्टमा विभिन्न रमाइला कार्यक्रमहरु राखिएको आयोजकले जनाएको छ । कोकाकोलाले वार्षिक रुपमा आयोजना गर्दै आइरहेको कोकाकोला मोमो उत्सवको यस वर्षको संस्करणको रुपमा मोमोरी फेस्ट आयोजना हुन गईरहेको हो । कार्यक्रमको मुख्य आकर्षणको रुपमा १२ भन्दा धेरै स्वादका मोमोका स्टलहरु रहने छन् भने अन्य रमाइला खेलकुदका स्टलहरु पनि राखिनेछन् । कार्यक्रममा लाइभ म्युजिक तथा डिजे सेसनहरु पनि राखिएका छन् । फेस्टमा ब्लु फायर सांगितिक समुह तथा सिडि विजय अधिकारिको प्रस्तुति रहनेछ । यस कार्यक्रमको टिकटको मुल्य रु.१०० रहेको छ जसमा २ वटा २५० एमएलको कोकाकोलाको पेट बोतल प्रदान गरिनेछ ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरिनेछु ।
- जर्ज बार्वर

## सम्पादकीय

# सहमतिको नाममा जटिलता नथप

राष्ट्रपति उमेदवार दर्ता गर्नु अघि दलहरूबीच कुन गठबन्धन बनाउने तय हुन सकेको छैन । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सत्ता गठबन्धन भन्दा काङ्ग्रेस गठबन्धन बनाउन खोज्दा अन्योल बढेको छ । दुईवटा नाउमा खुट्टा राख्दा राजनीतिक अन्योल बढेर गएको छ। धेरैलाई खेलाउन खोज्दा नेताहरूप्रतिको विश्वास घट्दै गएको छ । नेताहरूले परिस्थिति जटिल बनाएका कारण बिहीबार सिंहदरबारमा बसेको तीन दलको बैठकले उमेदवार तय गर्न सकेको छैन ।

नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव कुमार नेपालको नाम राष्ट्रपति उम्मेदवारको रुपमा अघि सारे पनि काङ्ग्रेसको समर्थन पाउन कठिन छ । प्रधानमन्त्री पुष्पकमल दाहालसहितको उपस्थितिमा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र जनता समाजवादी नेपाल (जसपा) का शीर्ष नेता सम्मिलित बैठकले नेपालको नाम राष्ट्रपतिको रुपमा अघि सारेको छ । बैठकपछि नेताहरुले छलफल जारी रहेको भनेपनि आन्तरिक रुपमा भने माधव नेपाललाई नै अघि सार्ने सहमति जुटेको दावी गरिएको छ ।

माधव कुमार नेपालको नामबारे शुक्रबार कांग्रेस र एमाले दुबैसँग वार्ता गरिनेछ । बैठकपछि नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले पनि राष्ट्रपतिको विषयमा सबैको सबैसँग छलफल चलिरहेको भनाइले सहमति जुटाउन अन्तिममा कसरत हुनेछ । 'छलफल चलिराख्या छ, फाइनल भइसकेको छैन । कुन दलले राष्ट्रपति पाउने भन्ने अहिले नै भइसकेको छैन। भोलि एमाले अध्यक्षसँग पनि प्रचण्डको कुराकानी छ ।' यस्तै कांग्रेससँग समेत शुक्रबार नै थप छलफल हुने प्रचण्डको भनाइमा कत्तिको आधार छ सोच्नुपर्छ ।

यस्तै नेताहरुले नेकपा ब्युँताउने विषयमा समेत कुराकानी भइरहेको समाचार सार्वजनिक भएको छ । एकीकृत समाजवादीका नेता प्रकाश ज्वालाले चुनाव अघिदेखि नै आफूहरुले गठबन्धनको कुरा गरेको भन्दै अझै पनि वाम समाजवादी मोर्चा बनाउन सकिन्छ कि भनेर पहल गरिरहेको बताए । यसैगरी उनले पार्टीका अध्यक्ष माधव नेपाललाई राष्ट्रपति बनाउन दलहरू तयार भए स्वभाविक रुपमा पार्टीले स्वीकार्ने बताए । नेपाली काङ्ग्रेस र एमालेको दुई ठूला दलको अवस्थाले नयाँ नयाँ समिकरण बनाउन सक्ने छौ ।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : सम्मान मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : झमेला बढ्ने |
| कर्कट | : आर्थिक समस्या | मकर | : कार्यमा सफलता |
| सिंह | : मानसिक तनाव | कुम्भ | : मन चञ्चल |
| कन्या | : शारीरिक झमेला | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# डिआइजी सिंहको राजीनामा स्वीकृत

रासस
काठमाडौं, ११ फागुन

नेपाल प्रहरीका प्रहरी नायब महानिरीक्षक (डिआइजी) अशोक सिंहले आफ्नो पदबाट दिएको राजीनामा बिहीबार स्वीकृत भएको छ ।

गृहमन्त्रीको समेत कार्यभार सम्हाल्नुभएका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले उहाँको राजीनामा स्वीकृत गर्नुभएको गृहसचिव विनोदप्रकाश सिंहले जानकारी दिनुभयो । राजीनामा स्वीकृत भएसँगै गृह मन्त्रालयले स्वीकृत भएको पत्र प्रहरी प्रधान कार्यालयमा पठाइसकेको छ । सिंहले बुधबार प्रहरी प्रधान कार्यालयको कर्मचारी प्रशासन शाखामा राजीनामा बुझाउनुभएको थियो । राजीनामा दिनुअघि सिंह सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालयको प्रमुखका रूपमा कार्यरत हुनुहुन्थ्यो ।

# बाँझो जग्गामा सामूहिक आलु खेती

पोखरापत्र संवाददाता
बेनी, ११ फागुन

म्याग्दीको धौलागिरि गाउँपालिका-२ लमसुङको मेरनीमा २० वर्षदेखि बाँझो रहेको जग्गामा स्थानीयवासीले व्यावसायिक सामूहिक आलु खेती सुरु गरेका छन् । लगनशील बहुउद्देश्यीय कृषक समूहले मेरनीमा ४४ रोपनी जग्गा झाडी फडानी गरेर आलु खेती विस्तार गरेका हुन् ।

एक महिनादेखि बाँझो जग्गाको झाडी फँडानी गर्ने काम सुरु गरिएकोमा खनजोत सकेर आलु लगाइएको समूहका अध्यक्ष गौसरा विकले बताउनुभयो । उहाँका अनुसार, समूहमा आबद्ध १८ जनाले व्यावसायिक रुपमा सामूहिक आलु खेती गरिएको छ । यस वर्ष समूहले एक सय रोपनी जग्गामा आलु लगाउने तयारी गरेको छ । समूहले मेरनीसँगै पैरेनी र लमसुङमा समेत थप आलु खेती लगाउने तयारी गरेको जनाएको छ । मेरनीमा स्थानीयकै जग्गा भाडामा लिएर २० मुरी आलुको बीउ रोपिएको हो । गाउँपालिकाको आलु पकेट कार्यक्रममार्फत सामूहिक रुपमा आलु खेती सुरु गरेका कृषक समूहले मेरनीमा मात्रै ४४ रोपनी जग्गामा स्थानीय जातका आलु लगाएको गाउँपालिकाका कृषि शाखाका प्राविधिक सहायक अमृत थापाले जानकारी दिनुभयो । "बाँझो जग्गामा आलु खेती गरिएपछि वर्षौंदेखि बाँझो रहेको जग्गाको स्वरुप नै फेरिएको छ, यसलाई आगामी वर्षमा निरन्तरता दिन स्थानीय कृषक उत्साहित बनेका छन्, मौसम अनुकूल भएमा सामूहिक आलु खेतीबाट स्थानीयवासीको आयआर्जनमा टेवा पुग्नेछ", थापाले भन्नुभयो। गाउँपालिकाले चालु आर्थिक वर्षमा आलु पकेट कार्यक्रमको लागि रु १२ लाख बजेट विनियोजन गरेको छ। गाउँपालिकामा आवेदन पेश भएकामध्ये छनोट भएको वडा नम्बर २ को सो समूह र वडा नम्बर ६ मराङको बुलफर्मका कृषि जडीबुटी तथा पशुपन्छी कृषक समूहलाई रु छ/छ लाखको दरले बजेट परिचालन गरिने कृषि शाखाले जनाएको छ। सो करमबाट बाँझो जग्गामा खेती विस्तारका साथै मिनिटेलर, हलोलगायतका कृषि औजार सहयोग गरिने जनाइएको छ।

**स्वैच्छिक खारेजीमा रहेको हिमालय स्पन्दन रिसोर्ट प्राइभेट लिमिटेडका लिक्विडेटरद्वारा जारी गरिएको**

**हकदाबी सम्बन्धी सूचना**

यस हिमालय स्पन्दन रिसोर्ट प्राइभेट लिमिटेड (प्राइभेट लिमिटेड दर्ता नं. २३९४५०/०७७/०७८) लाई यस कम्पनीको मिति २०७९/११/९ गते बसेको विशेष साधरण सभाले विशेष प्रस्ताव पारित गरी स्वैच्छिक खारेज गर्ने निर्णय गरी हामीलाई लिक्विडेटर नियुक्त गरेको जानकारी गराउँदै यस कम्पनी उपर कुनै व्यक्ति, संघ संस्था, कम्पनी तथा निकाय कसैको केही दावी, लेनदेन, लिनु, दिनु भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण सहित माग दावि तथा सो दावी प्रमाणित गर्ने प्रमाणित कागजात सहित निम्न लिखित ठेगानामा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ। सो अवधि भित्र कुनै दाबी पर्न नआएमा नियमानूसार कम्पनी खारेज हुने व्यहोराको जानकारी समेत गरिएको छ।

**लिक्विडेटर**
**अधिवक्ता टिकाराम शर्मा लिक्विडेटर इ. नं. ४२३**
**ठेगानाः आई. एल. आइ. आर. सि. प्राइभेट लिमिटेड, न्यूरोड, काठमाडौं**
**सम्पर्क नं. : ०१-५३५३७६९, मो. ९८४९०२५१२९,**
**इमेल : limspvtltd@gmail.com**

**लामगादी कृषि फर्म प्रा. लि.**
पोखरा-३३, लामगादी

**बोलपत्र आह्वान**

**प्रकाशित मिति २०७९/११/१२**

लामगादी कृषि फर्म प्रा.लि. पान नं. ६०९८१०९५४ रहेको, पोखरा महानगरपालिका वडा नं. ३३ लामगादीमा १५ टन क्षमताको कोल्ड स्टोर जडान गर्नु भएकाले निम्नानुसार विवरणको कोल्ड स्टोर आपूर्ती गरी जडान गर्न इच्छुक फर्म तथा व्यवसायीबाट यस सूचना प्रकाशित भएको मितिको १५ दिनभित्र प्रा.लि. को कार्यालयमा दरखास्तका लागि बोलपत्र आह्वान गरिएको छ ।

**विवरण**

| | |
|---|---|
| १) क्षमता | : 15 metric ton |
| २) विद्युत आपूर्ति | : 415v, 3 phase, 50Hz |
| ३) हावाको प्रेसर | : 5500cfm airflow |
| ४) हावाफाल्ने दूरी | : 40 feet |
| ५) ओगट्ने क्षे.फ. | : 1710mm×645mm×720mm |
| ६) प्रतीपाताको तौल | : 85 kgs |
| ७) चिस्यान क्षमता | : (23°celcius*) |
| मोडल नं. | : RUAL1814S-0 |
| ९) कम्प्रेसर मोडल | : Hermetic Scroll |
| १०) कन्डिसनर मोडल | : MCHX |
| ११) भित्री क्षे.फ. | : 1125mm×450mm×565mm |
| १२) प्रतिचार्ज फ्रिजिङ तौल | : 5kgs |
| १३) कम्प्रेसर तौल | : 135kgs |

# बृहत फेदीखोला पोखरा सम्पर्क समाजद्वारा शैक्षिक सामाग्री वितरण

प्रतिक्षा पौडेल/ समिक्षा गौतम
पोखरा, ११ फागुन



स्याङ्जा जिल्लाको फेदीखोला गाउँपालिका वडा नं. ५ बाँगेफडके, सिरान चौरस्थित भगवती आधारभूत विद्यालयको ४१ औं वार्षिकोत्सव तथा अभिभावक दिवसको अवसरमा बृहत फेदीखोला पोखरा सम्पर्क समाजले शैक्षिक तथा खेलकुद सामाग्री प्रदान गरेको छ ।

कार्यक्रमको उद्घाटन गर्दै फेदीखोला गाउँपालिका अध्यक्ष घनश्याम सुवेदीले गाउँपालिका भित्रका विद्यालयहरुको शैक्षिक तथा खेलकुदको स्तरवृद्धिको लागि गाउँपालिकाले हरसम्भव प्रयास गरेतापनि सीमित श्रोत साधनका कारण नसकेको अवस्थामा सम्पर्क समाजको सहयोगले गाउँपालिका कृतज्ञ भएको बताए। समाजका अध्यक्ष कृष्ण क्षेत्रीले फेदीखोलामा जन्म भई पोखरामा स्थायी वा अस्थायी रुपमा बसोबास गर्नेहरुको साझा चौतारी सम्पर्क समाज भएकोले संस्थाले गर्ने हरेक सामाजिक कार्य फेदीखोला गाउँपालिकाभित्र गर्दै आएको बताए । कार्यक्रमका संयोजक राजकुमार क्षेत्रीले बाँगेको भगवती आधारभुत विद्यालय र सम्रेसको बाराही आधारभुत विद्यालयमा टेलिभिजन सेट, ह्वाइट वोर्ड र मार्कर तथा विद्यार्थीहरुको लागि कपि, कलम, जुत्ता, मोजा, भलिबल, व्याडमिन्टन, स्किपिकिङ प्रदान गरिएको वताए । संस्थाका सचिव लाल कार्की अन्जानले समाजले विगतका वर्षहरुमा फेदीखोला -३, भाटखोलाको शारदा रमणीय डाँडा आधारभूत विद्यालय र वडा नं.- २ को खहरे आधारभूत विद्यालयका विद्यार्थीहरुलाई शैक्षिक तथा खेलकुद सामाग्री वितरण गरेको जानकारी दिंदै आगामी दिनहरुमा पनि थप वडाका विद्यालयहरुलाई सहयोग गर्ने बताए । भगवती आधारभूत विद्यालयका प्रधानाध्यापक मोतीप्रसाद लामिछानेलगायतले ग्रामीण भेकका विद्यालयमा विद्यार्थीको संख्या दिनप्रतिदिन कम हुँदै गएकोमा चिन्ता व्यक्त गर्दै विद्यालयलाई सहयोग गरेकामा संस्थालाई धन्यवाद व्यक्त गरेका थिए । सोही दिन उक्त गाउँपालिकाको सम्रेस स्थित बाराही आधारभूत विद्यालयमा पनि संस्थाले शैक्षिक तथा खेलकुद सामाग्री वितरण गरेको छ । समाजका अध्यक्ष कृष्ण क्षेत्रीले विद्यालयका प्रधानाध्यापक ठक बहादुर गुरुङलाई सहयोग सामाग्री हस्तान्तरण गरेका संस्थाका उपाध्यक्ष जगदिश लामिछानेले वताए ।

# भीमसेन थापा गाउँपालिका र चुमनुब्री गाउँपालिकाबीच भगिनी सम्बन्ध

पोखरापत्र संवाददाता
गोरखा, ११ फागुन

गोरखाका भीमसेन थापा गाउँपालिका र चुमनुब्री गाउँपालिकाबीच भगिनीसम्बन्ध कायम भएको छ ।

प्राकृतिक सौन्दर्यले भरपूर्ण तथा पर्यटकीय गन्तव्यको राम्रो सम्भावना बोकेको चुमनुब्री गाउँपालिका र नेपालका प्रथम मुख्तियार भीमसेन थापाको जन्मस्थान भीमसेन थापा गाउँपालिकाबीच समन्वय एवं सहकार्य गरी असल अभ्यास र अनुभव आदानप्रदान गर्ने उद्देश्यले दुई पालिकाबीच भगिनीसम्बन्ध स्थापना गर्न समझदारीपत्रमा हस्ताक्षर भएको भीमसेनथापागाउँपालिकाअध्यक्ष लोकप्रसाद बन्जराले जानकारी दिनुभयो । समझदारीपत्रमा बूढीगण्डकी नदीको शिर, अहिंसाको क्षेत्र चुम्भ्याली, मनास्लु किलर माउण्टेनको काखमा रहेको पर्यटकीयस्थल चुमनुब्री तथा भीमसेन थापा गाउँपालिकाको सामाजिक तथा संस्कृतिक गतिविधि आदानप्रदान गर्ने उल्लेख गरिएको छ ।

त्यस्तै मैत्रीपूर्ण तथा दिगो संस्थागत सम्बन्ध स्थापना गर्ने, कृषि, पर्यटन, विपद् व्यवस्थापन, कलाको क्षेत्रमा आपसी समन्वय, सहकार्य र साझेदारी गर्ने समझदारी दुई पालिकाबीच भएको उहाँले जानकारी दिनुभयो । दुवै पालिकाले एक अर्काको ऐतिहासिक, पर्यटकीय एवं सांस्कृतिक सम्पदा प्रचारप्रसार गर्ने, स्थानीय न्यायिक समिति, मेलमिलाप केन्द्र विषयगत समिति, कार्यपालिका, वडा, गाउँसभालाई प्रभावकारी बनाउन संयुक्तरूपमा क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने समझदारीपत्रमा उल्लेख गरिएको छ । त्यस्तै गरिबी निवारणका लागि लघुउद्यम, जडीबुटी खेती, वन पैदावर, ऊर्जालगायत आर्थिक विकासका क्षेत्रमा सहकार्य गर्ने, दुवै पालिकाको साझा हितका विषयमा संयुक्त पहल गर्ने अध्यक्ष बन्जराले जानकारी दिनुभयो ।

समझदारीपत्रमा भीमसेन थापा गाउँपालिका तर्फबाट अध्यक्ष बन्जरा, प्रमुख प्रशासकीय अधिकृत चित्रबहादुर अधिकारी, चुमनुब्री गाउँपालिकाका अध्यक्ष निमा लामा र प्रमुख प्रशासकिय अधिकृत भीमसेन श्रेष्ठले हस्ताक्षर गर्नुभएको छ ।

**हार्दिक समवेदना**



जन्मः २००७/०८/१५ गते

स्वर्गारोहण : २०७९/१०/२९ गते

**स्व. पानमती जोजिजु**

यस सिद्धार्थ टोल विकास संस्थाका सदस्य निर्मला जोजिजुको सासुआमा तथा संस्थापक सदस्य **पानमती जोजिजु**को असामयीक निधनका कारण हामी अत्यन्त मर्माहित र स्तब्ध भएका छौं । उहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै आज १३ औं दिनको पुण्य तिथिमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

**सिमा कोइराला**
**अध्यक्ष एवम्**
**सिद्धार्थ टोल विकास संस्था परिवार**

# दोश्रो दिन सुबाशलाई अग्रता

पोखरापत्र संवाददाता
पोखरा, ११ फागुन

सूर्य नेपाल गल्फ टुर २०२२-२३ अन्तर्गतको चौथो प्रतियोगिता, सूर्य नेपाल वेस्टर्न ओपनको दोस्रो दिन साविक विजेता एमेच्योर खेलाडी सुबाश तामाङ ४-अन्डर ६५ को सानदार कार्ड तयार पार्दै शीर्षस्थानमा उक्लिएका छन् ।

पोखरास्थित ६९ पारको हिमालयन गल्फ कोर्समा जारी प्रतियोगितामा ३६ होलको समाप्तीमा समग्रमा १-अन्डर १ सय ३७ स्कोर सहित सुबाशले पहिलो दिनका लिडर भुवन नगरकोटीलाई एक स्ट्रोकले पछि पारे। भुवनले आज २-ओभर ७१ स्कोर गरे र समग्रमा इभन-पार १ सय ३८ को कार्ड सहित दोस्रो स्थानमा झरे । समग्रमा १-ओभर १ सय ३९ स्कोर सहित भेट्रान गल्फर रामे मगर र सञ्जय लामा संयुक्तरुपमा तेस्रो स्थानमा छन्। रामेले १-अन्डर ६८ र सञ्जयले इभन पार ६९ को कार्ड बनाए । नेपाल नम्बर एक शुक्र बहादुर राईले दल बहादुर लामासँग समग्रमा ४-ओभर १ सय ४२ सहित संयुक्तरुपमा पाँचौ स्थान बाँडे। शुक्रले इभन-पार ६९ र दलले २-ओभर ७१ स्कोर गरे। समग्रमा ५-ओभर १ सय ४३ को नतिजामा जयराम श्रेष्ठ सातौं स्थानमा छन्। उनले आज १-अन्डर ६८ को स्कोर निकाले। राष्ट्रिय टिमका खेलाडी सद्भाव आचार्यले ५-ओभर ७४ को खराब प्रदर्शन गर्दा समग्रमा ७-ओभर १ सय ४५ सहित आठौं स्थानमा तल झरे। एमेच्योरतर्फ भने उनी दोस्रो स्थानमा छन् । समग्रमा ८-ओभर १ सय ४६ को नतिजामा भुवन कुमार रोक्का, धन बहादुर थापा र एमेच्योर खेलाडी प्रज्वल थापा संयुक्तरुपमा नवौं स्थानमा छन् । ३६ होलको समाप्तीमा १६-ओभर १ सय ५४ सम्म स्कोर गरेका २१ प्रोफेसनल र ७ एमेच्योर खेलाडीले कट बनाएका छन्। प्रोफेसनल खेलाडीहरु दीपक आचार्य, सुर्यप्रसाद शर्मा, दिनेश प्रजापति, रवि खड्का, शिवराम पौडेल, नीरज तामाङ, भुबहादुर गुरुङ, टंकबहादुर कार्की, कृष्णमान राजबाहक, कमल तामाङ, प्रदीपकुमार लामा, सबिन सापकोटा, बलभद्र राई तथा एमेच्योर गल्फर अजित बिके, सुरेश तामाङ, महेन्द्र फगामी र युवराज भुजेलले कट बनाएका छन् ।




पहिलो दिन ३-ओभरको प्रदर्शन सहित सातौं स्थानमा रहेका दाबेदार खेलाडी सुबाशले दोस्रो दिन लय समाते । उपाधि रक्षा गर्ने सम्भावनालाई जिवितै राख्ने क्रममा उनले आठौं होलको बर्डीको मद्दतले फ्रन्ट नाइन १-अन्डर ३३ मा सकाए । ब्याक नाइनमा निखारिएको प्रदर्शन गर्ने क्रममा ११औं होलको बोगीका विरूद्ध चार बर्डी प्रहार गरे। १०औं, १३औं, १५औं र १८औं होलमा एक-एक सट बचाउँदै ब्याक नाइन ३-अन्डर ३२ मा सकाए । भुवनले तेस्रो र पाँचौ होलमा बोगी खेप्दा फ्रन्ट नाइन २-ओभर ३६ मा र १० औं होलको बोगी विरूद्ध १४औं होलको बर्डीले ब्याक नाइन इभन-पार ३५ मा पुरा गरे । रामे मगरले फ्रन्ट नाइन १-अन्डर ३३ र ब्याक नाइन इभन-पार ३५ मा सकाए । उनले दोस्रो, छैटौं, आठौं होलमा एक-एक सट बचाए। चौंथो र नवौं होलमा बोगी खेपे। यसपछि १४औं र १७औं होलमा बर्डी प्रहार गरेपनि १२औं र १६औं होलमा एक-एक सट खेर फाले। सञ्जयले फ्रन्ट नाइन इभन-पारमा सकाउने क्रममा पहिलो र छैटौ होलमा बर्डीको सफलता प्राप्त गरेपनि पाँचौ होलमा डबल बोगीको सामना गरे। यसपछि १०औं र १७औं होलमा बर्डी प्रहार गर्दा १२औं र १६औं होलको बोगीले ब्याक नाइन पनि इभन-पार ३५ मा सकाए ।

५४ होलको प्रतियोगितामा ३१ व्यवसायीक र १४ एमेच्योर गरी कुल ४५ खेलाडीहरूले प्रतिस्पर्धा गरिरहेका छन्। प्रोफेसनल गल्फर्स एसोसिएसन नेपालको आयोजना र सूर्य नेपाल प्रा. लि.को प्रायोजनमा सञ्चालन भैरहरको प्रतियोगिताको विजेताले १ लाख ४० हजार, उपविजेताले ९० हजार र तेस्रो हुने खेलाडीले ६७ हजार नगद पुरस्कार प्राप्त गर्नेछन् । कुल आठ लाख नगद पुरस्कार रहेको प्रतियोगिताको शीर्ष २१ मा रहेने अन्य व्यवसायीक खेलाडीले पनि नगद पुरस्कार हात पार्नेछन्। शनिबार हुने प्रो-एमसँगै प्रतियोगिता सकिनेछ ।

# भानु जन्मस्थललाई सप्तधाममा विकास गर्ने पहल

-कृष्ण न्यौपाने
दमौली, ११ फागुन

*मेरा इनार, न त सत्तल पाटी केही छन्*
*जे चिज र धनहरू छन् घरभित्र नै छन्*
*त्यस घाँसीले कसरी आज दिएछ अर्ति*
*धिक्कार हो मकन बस्नु नराखी कीर्ति । (भानुभक्त आचार्य)*

नेपाली भाषाका आदिकवि भानुभक्त आचार्यको जन्मथलोमा उहाँकै नाममा गठित भानुभक्त जन्मस्थल विकास समिति छ। नेपाली भाषा साहित्यका विशिष्ट व्यक्तित्व भानुभक्तको जन्मस्थलको विकास गर्न एवं नेपाली भाषा र साहित्यको खोज अनुसन्धान गर्ने उद्देश्यले नेपाल सरकारले विसं २०५२ मा आदिकवि भानुभक्त जन्मस्थल विकास समिति गठन गरेको थियो । भानुभक्त जन्मस्थल विकास समितिले आदिकविको जन्मस्थललाई प्रचारप्रसार गरी साहित्यिक पर्यटनका रुपमा देशविदेशमा परिचित गराउन विभिन्न संरचना निर्माण थालेको छ। पर्याप्त बजेट नहुँदा त्यसले मूर्त रुप पाउन सकिरहेको छैन ।

आन्तरिक तथा बाह्य पर्यटनका लागि आफ्नै स्वामित्वमा रहेको १४ रोपनी जग्गामा भानु स्मृति पार्क निर्माण भइरहेको विकास समितिका कार्यकारी निर्देशक शङ्कर रानाभाटले बताउनुभयो। भानुभक्तको जन्मथलो शिमखर कटेरी चुँदीरम्घामा रामायण भवन निर्माण भइसकेको छ। पर्यटन मन्त्रालयको रु तीन करोड लगानीमा रामायण भवन निर्माण गरिएको हो । रामायण भवनलाई आकर्षकरुपमा बनाइएको छ । भवनको बार्दली काठमा कुँदिएको कलात्मक छ।

चुँदीरम्घालाई सप्तधामका रुपमा विकसित गर्न गुरुयोजना बनाउने तयारी थालिएको रानाभाट बताउनुहुन्छ। “पर्यटकलाई आकर्षित गराउन चुँदीरम्घामा केही संरचना र विकासका काम गर्नुपर्नेछ, त्यसका लागि समितिसँग बजेट छैन”, रानाभाटले भन्नुभयो, “चुँदीरम्घाको विकासका लागि सङ्घ र प्रदेश सरकारसँग बजेट माग गरेका छौं ।” समितिले आदिकवि भानुभक्त आचार्यको पुरानो शैलीमा घर निर्माण गर्ने लक्ष्य राखेको छ। त्यसका लागि रु एक करोड बजेट आवश्यकपर्ने अनुमान गरिएको छ। शिखर कटेरीमा भानुभक्तको घर खण्डहर अवस्थामा छ । माटो र ढुङ्गाले बनेको घरको गाह्रो चारैतिर भत्केर भग्नावशेष मात्र बाँकी छ। घरभित्रै विभिन्न जातका ठूलाठूला काँडासहितका बिरुवा हुर्केका छन् । भग्नावशेष हेर्दा घरको भित्ता जस्तो पनि देखिँदैन । विसं २०५७ मा भानु जन्मस्थल विकास समितिको सहयोगमा ‘आदिकवि भानुभक्त’ नामक चलचित्र निर्माण गर्न भानुभक्तको घर पुनःनिर्माण गरिएको थियो । जङ्गलबीचको खरको छानोको घरमा विसं २०६१ जेठमा आगलागी भएको थियो।

पश्चिमाञ्चल विकास मञ्चले भानुगृह निर्माण गर्ने भनेको लामो समय भइसके पनि काम सुरु नभएकाले समितिकै सक्रियतामा अब घर निर्माण थालिने रानाभाटले बताउनुभयो। “घर निर्माण गर्ने भनेर शिलान्यास भएको लामो समय भयो, काम भएन”, उहाँले भन्नुभयो, “अब समितिले आफैँले घर निर्माण काम थाल्छ ।” भानु जन्मस्थल क्षेत्रमा थप केही पूर्वाधार निर्माण गर्न गुरुयोजनाअनुसार रु तीन करोड बजेट लाग्ने देखिएको छ। आदिकवि भानुभक्त जन्मस्थल विकास समितिको कार्यालय, भानु संस्कृत मावि र भानु संस्कृत विद्यापिठमा कच्चीबाटो रहेकाले वर्षायाममा आवतजावत गर्न कठिनाइ भएकाले कालोपत्र, पक्की नालाका लागि बजेट आवश्यक रहेको रानाभाट बताउनुहुन्छ । विसं १८७१ असार २९ गते तनहुँको भानु नगरपालिकास्थित चुँदी रम्घामा जन्मिनुभएका भानुभक्तको नाम नेपालमा मात्र होइन विश्वभर प्रख्यात छ । भानु जयन्तीका दिन देशभित्र तथा देश बाहिर पनि विविध कार्यक्रम हुँदै आएका छन् । भानुभक्तको योगदानको कदर गर्दै चुँदीरम्घालाई साहित्यिक तीर्थस्थल बनाउने भनेर योजना बनाइए पनि कार्यान्वयन नभएकामा स्थानीयवासी निराश छन् । भानुभक्तको जन्मगाउँ अहिले संरक्षणको पर्खाइमा छ।

स्थानीय अगुवा ओमकुमारी पौडेलले सरकारले आदिकवि भानुभक्त आचार्यको जन्मथलोको विकासका लागि विशेष योजना ल्याउनुपर्ने बताउनुभयो । “भानुभक्त आचार्यको जन्मथलो ओझेलमा छ, यसको विकासका लागि सरकारको ध्यान जानुपर्छ”, उहाँले भन्नुभयो ।

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
**पर्यटन, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**
गण्डकी प्रदेश, पोखरा

## ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०७९/११/१०

यस कार्यालयबाट मिति २०५०/०२/०४ मा कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. १८ मा संचालन गर्ने गरि सराङकोट-०५ कास्की निवासी धनपति तिम्सिनाको नाउँमा दर्ता भएको प्रा.फ.र.नं. १८१४/०४९/०५० को जनहित राईस मिलका प्रोपाईटर श्री धनपति तिम्सिनाको मिति २०७९/२०७०/१२/०९ गते मृत्यु भएको हुँदा निजको एकाघरको बुहारी सराङकोट ०५ कास्की निवासी सावित्री तिम्सिनाले मिति २०७९/११/१० मा फर्म नामसारी गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यदि सो फर्ममा अरु कसैको हकदावी एवं फर्मको कुनै पनि प्रकारको आर्थिक बक्यौदा लगायत कुनै पनि प्रकारका सामाजिक दायित्वहरु बाँकी रहेको भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ। म्यादभित्र लिखित उजुरी नपरेमा उक्त फर्म नियमानुसार सावित्री तिम्सिनाको नाममा नामसारी भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**पर्यटन तथा उद्योग कार्यालय, कास्की**
**गण्डकी प्रदेश, पोखरा**

# माछापुच्छ्रे माध्यमिक विद्यालयमा गणित तथा विज्ञान प्रदर्शनी

पोखरापत्र संवाददाता
पोखरा, ११ फागुन

श्री माछापुच्छ्रे माध्यमिक विद्यालय माछापुच्छ्रे गाउँपालिका - २, भुर्जुङखोलाले विद्यालयको ५५ औं वाषिकोत्सव, अभिभावक दिवसको अवसरमा २ दिने गणित तथा विज्ञान प्रदर्शनी आयोजना गरेको छ।

गणित र विज्ञान विषयलाई दैनिक जीवन र व्यावहारिक ज्ञानसँग जोडेर सहज सिकाइका लागि सम्बन्धित विषयका करिब १५० परियोजनाहरुमध्ये उत्कृष्ट ७५ लाई प्रदर्शनीमा राखिएको छ। उक्त प्रदर्शनी एक कार्यक्रमका बिच माछापुच्छ्रे गाउँपालिका, वडा नं २ का वडाध्यक्ष गणेश आचार्यले उद्घाटन गरे । उद्घाटनका क्रममा वडाध्यक्ष आचार्यले विद्यार्थीको सिर्जनात्मक क्षमताको खुलेर प्रशंसा गरे । मन्तव्यको क्रममा माछापुच्छे गाउँपालिका शिक्षा शाखा प्रमुख सम्झना पोखरेलले गणित र विज्ञानका सैद्धान्तिक ज्ञानलाई व्यवहारमा उतार्ने माछापुच्छ्रे माविका विद्यार्थी भाइबहिनीहरुको सिप र कलाको सिको अन्य विद्यालयले समेत गर्नु पर्नेमा जोड दिइन् । मर्दिखोला शैक्षिक प्रतिष्ठान, कास्कीबाट आर्थिक सहयोग प्राप्त उक्त प्रदर्शनीको उद्घाटन सत्रमा उक्त प्रतिष्ठानका सचिव डिल्लीराम गिरीले कार्यक्रमको सफलताको शुभकामना दिएका थिए । विज्ञान प्रर्दशनीको पहिलो दिनमा १६ वटा छिमेकी विद्यालयका करिव २००० विद्यार्थीले अवलोकन गरेका थिए । माछापुच्छ्रे माविका शिक्षा प्रमुख निलराज अधिकारीले प्रदर्शनी फाल्गुन ११ गते पनि निरन्तर जारी रहने जानकारी दिएका छन् । साथै, वार्षिकोत्सवको पूर्व सन्ध्यामा विद्यालयले आजै अन्तर विद्यालय (१-५) हाजिरी जवाफ प्रतियोगिता समेत सम्पन्न गरेको छ । नौ वटा विद्यालयको सहभागिता रहेको उक्त प्रतियोगितामा माछापुच्छ्रे माध्यमिक विद्यालय, सागर मेमोरियल बोडिङ्ग स्कुल र वाराही आधारभूत विद्यालयले क्रमशः प्रथम, द्वितीय र तृतिय स्थान हासिल गरे । विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बम बहादुर गुरुङको अध्यक्षतामा सञ्चालित कार्यक्रमको सञ्चालन विद्यालयका शिक्षक नेपाल प्रकाश अधिकारीले गरेका थिए।

# वैशाखभित्रै बागलुङ बजारमा लिफ्टिङ खानेपानी

पोखरापत्र संवाददाता
बागलुङ, ११ फागुन

बागलुङ नगर सहलगानी खानेपानी तथा सरसफाइ परियोजनाले आगामी वैशाखभित्र यहाँका बजारमा शुद्ध खानेपानी पुऱ्याउने भएको छ।

परियोजनाको बागलुङ नगरपालिका-३ मा रहेको पानी प्रशोधन केन्द्रले काठेखोला किनारदेखि कैलामपोखरीसम्म पानी पुऱ्याउने भएको हो । लामो समयदेखि अलपत्र आयोजनाको कामले पछिल्लो समय गति लिएको छ । “हामीले आयोजनाको ९० प्रतिशत काम गरिसकेका छौं, केही प्राविधिक र संरचना निर्माणका काम बाँकी छन्, सबै काम सञ्चालन रहेकाले अब ढिला हुँदैन”, आयोजना निर्माण कम्पनी कन्काइ जयमाता जेभीका इञ्जिनीयर विक्रम अधिकारीले भन्नुभयो । उहाँका अनुसार खोला किनारको पानी तानेर प्रशोधन केन्द्रसम्म ल्याउने काम सकिएकाले अबको एक महिनाभित्र पानी वितरण ट्याङ्कीमा पुऱ्याउने लक्ष्य छ। प्रशोधन ट्याङ्कीमा खोलाबाट पानी पुगेकाले धेरै सकिएको नगर खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाका प्रबन्धक हिमाल शर्माले बताउँदै पानी नियमित वितरण हुन थालेपछि सुक्खा याममा पानीको अभाव नहुने भन्नुभयो । यसअघि निर्माण व्यवसायीले पुस मसान्तसम्म खानेपानी आयोजना सम्पन्न गर्ने लक्ष्य लिए पनि अझै आयोजना सम्पन्न हुन सकेको छैन। दुई वर्षमा निर्माण सम्पन्न गर्ने गरी विसं २०७५ असार ३१ मा कन्काइ जयमाता जेबीले निर्माणको जिम्मा लिएको थियो । निर्माण कम्पनीको ढिलासुस्तीले तीनपटक म्याद थपेर योजना निर्माण सम्पन्नको चरणमा पुगेको हो । शर्माले भन्नुभयो, “खानेपानी विभागले कतिपय कामको भुक्तानीका लागि बजेट नभएको बताइरहँदा हामीले केही भुक्तानीका काममासमेत सहजीकरण र सहयोग गरेका छौं ।”

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

हार्दिक समवेदना



जन्म : २००९/०४/ १४ गते
स्वर्गारोहण : २०७९/१०/२९ गते

स्व. ईन्द्र बहादुर भारी

यस श्री कार्यसिद्धी विनायक भजन गुठी मोहरियाटोल पोखराका गुठीयार भाइ **ईन्द्र बहादुर भारी** को ७१ वर्षको उमेरमा भएको स्वर्गारोहणले हामी अत्यन्तै मर्माहत र स्तब्ध भएका छौं। उहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै आज १३ औं दिनको पुण्य तिथिमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

रामेश्वर मल्ल
नायो एवम्
श्री कार्यसिद्धी विनायक भजन गुठी परिवार
पोखरा-२, मोहरिया टोल

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

हार्दिक समवेदना



जन्म : २००९/०४/ १४ गते
स्वर्गारोहण : २०७९/१०/२९ गते

स्व. ईन्द्रबहादुर भारी

यस समितिका मानार्थ आजीवन सदस्य श्री राजेश, श्री राजीव तथा श्री संजिव भारीका प्रातः स्मरणीय पिता, श्री भैरवको अत्यन्त भक्त, सहयोगी **ईन्द्रबहादुर भारी**को ७१ वर्षको उमेरमा भएको स्वर्गारोहणले हामी अत्यन्तै मर्माहत र स्तब्ध भएका छौं। उहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै आज १३ औं दिनको पुण्य तिथिमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति श्री भैरवनाथसँग प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं।

तीर्थमान प्रधानाङ्ग
अध्यक्ष तथा
श्री भैरव साँस्कृतिक संरक्षण समिति परिवार
भैरवटोल, पोखरा